# मैवाखोला गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## साँघु, ताप्लेजुङ

**स्थापना: २०७३**

१ नं. प्रदेश नेपाल

**(कार्यपालिका बैठक)**

मितिः २०७९/१०/१२

**बैठक सुरू समय:** विहान ८ बजे

**बैठकको अध्यक्षता:** विजय प्रकाश वनेम

**बैठक संख्या:** १३

**उपस्थिति:**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | |
| २ | श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | |
| ३ | श्री चन्द्र कुमार तामाङ | १ नं. वडाध्यक्ष | |
| ४ | श्री नरेन्द्र लिम्बु | २ नं. वडाध्यक्ष | |
| ५ | श्री खगेन्द्र थक्लुङ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री फुर्वा शेर्पा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री केशर लिम्बु | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री राजुमान लिम्बु | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री रिता शेर्पा | सदस्य | |
| १० | श्री पासाङ ग्याल्बु शेर्पा | सदस्य | |
| ११ | श्री बिनु लिम्बु | सदस्य | |
| १२ | श्री तुलसा बराईली | सदस्य | |
| १३ | श्री सुनिता फागो | सदस्य | |
| १४ | श्री नर कुमारी लिम्बु | सदस्य | |
| १५ | श्री लक्ष्मी माया गोम्देन | सदस्य सचिव | |

**मैवाखोला गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**साँघु, ताप्लेजुङ**
**स्था: २०७३**

पत्र संख्या:- २०७९ |८० (१.नं. प्रदेश नेपाल)

चलानी नं:- मिति:-२०७९/१०/१२

मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७९\१०\१२ गते बसेको १२ औं बैठकको निर्णयहरू

| सि.नं. | निर्णय विवरणहरू | कैफियत |
| --- | --- | --- |
| १ | आजको कार्यपालिकाको बैठकमा "मैवाखोला गाउँपालिका अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७९" उपर अध्ययन तथा वृहद छलफल गरी सर्व-सम्मतले पारित गर्ने निर्णय गरियो । | |
| २ | उर्जा विकास उप-समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ उपर अध्ययन तथा वृहद छलफल गरी सर्वसम्मतले पारित गर्ने निर्णय गरियो । | |
| ३ | आजको बैठकबाट तपशीलका सदस्यहरू रहने गरी उर्जा विकास उप-समिति गठन गरियो:<br>क) चन्द्रकुमार तामाङ (वडाध्यक्ष) संयोजक<br>ख) चन्द्रमान लिम्बू (विषयगत जानकार व्यक्ति) सदस्य<br>ग) पहलमान चोङ्बाङ (निजी क्षेत्र) सदस्य<br>घ) चन्द्रकला सेन्चुरी विक (दलित) सदस्य<br>ङ) दिलमाया शेर्पा ( महिला) सदस्य<br>च) अर्पण लिम्बू (पूर्वाधार शाखा प्रमुख) सदस्य सचिव<br>यस उपसमितिमा मैवाखोला गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा पूर्वाधार विकास समितिको संयोजक सल्लाहाकारको रूपमा रहनेछ । | |
| ४ | वर्षेनी नियमित रूपमा जलजले क्लबद्वारा आयोजना गर्ने शिवरात्री लक्षित खेलकुद (फुटबल) प्रतियोगिताका लागि वडा नं. ३ स्थित जलजले क्लब साँघुलाई मैवाखोला गाउँपालिकाको तर्फबाट रु ४००००० (चार लाख मात्र) अध्यक्ष खेलकुद सहयोग कोषबाट सहयोग गर्ने निर्णय गरियो । | |

| | | |
|---|---|---|
| ५ | मैवाखोला गाउँपालिका २ नं. वडा स्थित लालिमा क्लबद्वारा आयोजना हुने खेलकुद प्रतियोगिताका लागि अध्यक्ष खेलकुद सहयोग कोषबाट रु २००००० (दुई लाख) दिने निर्णय गरियो । | |
| ६ | आदिवासी जनजाति पत्रकार संघ ताप्लेजुङलाई पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रमका लागि रु ४०,००० सहयोग गर्ने निर्णय गरियो । | |
| ७ | युनाइटेड वर्ल्ड स्कुल्स नेपालको चनं. १५८, मिति २०७९\|१०\|११ को प्राप्त पत्रानुसार यस बैठकबाट कक्षा १-५ सञ्चालित विद्यालय श्री मालिङ्गोनी आ.वि. मालिङ्गोनीलाई छनोट गरी सिफारिस गर्ने निर्णय गरियो । | |
| ८ | पर्यटन प्रर्वद्धनको हिसावले पूर्वको सगरमाथा क्षेत्रपछिको दोश्रो प्रचुर संभावना बोकेको एकमात्र पर्यटकीय गन्तब्य गुराँसको राजधानी भनेर चिनिने "तिनजुरे मिल्के जलजले (TMJ) क्षेत्र" को राम्रो र व्यवस्थित प्रचार हुन नसक्नु र यस क्षेत्रमा आन्तरिक तथा वाह्य पर्यटकहरु भित्र्याउन नसक्नुमा सडक लगायत अन्य भौतिक पूर्वाधारहरुको विकास नहुनु नै हो । कोशी राजमार्ग अन्तर्गत धरान-धनकुटा-बसन्तपुर सम्मको सडक खण्ड कालोपत्रे भएपनि बसन्तपुर (जहाँबाट टि८ क्षेत्र प्रारम्भ हुन्छ) देखि गुफा-साँघु-ढुङ्गेसाँघु-दोभान सम्मको सडक खण्ड हालसम्म कालोपत्रे नभएका कारण पर्यटक तथा यात्रुहरुले अत्यन्तै शास्ती पाइरहेको अवस्था छ । तेह्रथुमको बसन्तपुरदेखि संखुवासभा र ताप्लेजुङको गुफापोखरी हुँदै ताप्लेजुङको मिल्के-साँघु-ढुङ्गेसाँघु-दोभानसम्म करिब ६५ किलोमिटर सडक खण्डमा कालोपत्रे गर्न सके पर्यटकहरुलाई सुनसरीको धरान-धनकुटा-वसन्तपुर-तिनजुरे-गुफापोखरी-मिल्के हुँदै ताप्लेजुङको दोभानबाट तमोर कोरिडोर मार्फत पाँचथर र धनकुटा हुँदै धरान पुग्ने गरी चक्रपथको रुपमा भ्रमण गराई यस क्षेत्रको पर्यटन प्रर्वद्धन गर्न सकिने प्रचुर संभावना भएकाले "बसन्तपुर-गुफा-साँघु -ढुङ्गेसाघु-दोभान सडक खण्ड" मा वहुबर्षिय ठेक्का मार्फत कालोपत्रे गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा माग गर्ने निर्णय गरियो । | |
| ९ | दोभान, तिरतिरे, फट्याङ्ग्रे, खार्ते, फाकुम्बा, साम्तुङ हुँदै सिन्दोलुङ झरनासम्म सडक निर्माण गर्नका लागि प्रदेश सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालयमा माग गर्ने निर्णय गरियो । | |
| १० | मदन भण्डारी स्मृति रङ्गशाला निर्माण कार्य गत आर्थिक वर्षहरूमा शुरू भएको तर सम्पन्न नभई लथालिङ्ग अवस्थामा रहेकाले यसको कार्य सम्पन्न गर्नका लागि बजेट आवश्यक पर्ने भएकाले उक्त बजेट युवा तथा खेलकुद मन्त्रालय प्रदेश नं. १ विराटनगर नेपालमा माग गर्ने निर्णय गरियो । | |

११ झ्याउँपोखरी स्थित गुराँस पार्क निर्माण कार्य भइरहेको तर सम्पन्न गर्नका लागि बजेट अपुग हुने भएकाले उक्त कार्य सम्पन्न गर्नैका लागि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागारिक उड्डयान मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

१२ झ्याउँपोखरी, मिल्के, गोरुजुरे, गिद्दे माने भञ्ज्याङ, खम्बुलेदेखि ओसाङलुङ सम्मको पर्यटकीय पदमार्ग निर्मणका लागि मैवाखोला गाउँपालिकाबाट डीपीआर निर्माण भैसकेकाले प्रदेश सरकार पर्यटन मन्त्रालयमा बजेट माग गर्ने निर्णय गरियो ।

१३ नमुना विकासका लागि छनोट भएको नारायणी माध्यमिक विद्यालयको भवन निर्माणका लागि जग्गा धनी श्री डम्बर कुमारी लिम्बुको नाममा रहेको कि.नं ४५७ को क्षेत्रफल ४-१३-१-२ र कि.नं ४६५ को क्षेत्रफल ३-३-३-२ मध्येबाट क्षेत्रफल १-६-३-३ जग्गा,श्री सुकमति लिम्बु र डम्बर कुमारी लिम्बुको संयुक्त नाममा रहेको कि.नं ४५७ को क्षेत्रफल ४-१३-१-२ र कि.नं ४६५ को क्षेत्रफल ३-३-३-२ मध्येबाट क्षेत्रफल १-६-३-३ को जग्गा श्री हरि लिम्बुको नाममा रहेको कि.नं ४५५ को क्षेत्रफल १-१२-१-१ र कि.नं ४५३ बाट क्षेत्रफल १-७-०-३ रहेको जग्गा र श्री दिलमाया लिम्बुको नाममा रहेको कि.नं ४५६ को क्षेत्रफल ४-४-३-२ रहेको जग्गा विद्यालयको नाममा ल्याउन सिफारिस गर्ने निर्णय गरियो ।

१४ वडा नं ४ को मझुवा ताम्राङ सडक स्तरोन्नतीका लागि विनियोजित भएको रकम रु ३०,०००००\- अक्षरेपी तीस लाख रुपैंया तपशीलका शीर्षकमा बजेट विनियोजन सहितको विभाजन गरी कार्यान्वयन गर्न कार्यपालिकाको बैठकमा अनुमोदन गर्ने निर्णय गरियोः

तपशीलः

क) लुम्बोदेखि गौडे हुँदै रमाइलो टोल सम्मको सडक स्तरोन्नति १०,०००००
ख) लाटा खोल्सादेखि नन्द कुमारको घर पछाडि कुलो सम्म सडक स्तरोन्नति १०,०००००
ग) सात घरे खोल्सादेखि माङहिम हुँदै मेहेले ट्रनिङसम्म सडक स्तरोन्नति १०,०००००

१ नं प्रदेशको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधी,२०७५ को दफा २२ बमोजिम गाउँपालिकालाई आवश्यक पर्ने बिविन्न विधेयकहरुको मस्यौदा तर्जुमा गर्न देहाय अनुसार रहने निर्णय गरियो ।

देहायः

१. गाउँपालिका अध्यक्ष- संयोजक
२. १ वडा अध्यक्ष-सदस्य
३. २ नं वडा अध्यक्ष-सदस्य
४. ३ नं वडा अध्यक्ष-सदस्य
५. ४ नं वडा अध्यक्ष —सदस्थ
६. ५ नं वडा अध्यक्ष-सदस्य
७. ६ नं वडा अध्यक्ष —सदस्य
८. प्रमूख प्रशासकीय अधिकृत-सदस्य सचिव